नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

प.सं. ०७८।७९ | च.नं. ०१ | मितिः २०७८/०४/०१

विषयः आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयन सम्बन्धमा ।

श्री प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय,
सबै ।

अर्थ मन्त्रालयको च.नं. ७८३ मिति २०७८/०२/२८ को आर्थिक वर्ष २०७८/०७९ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन बमोजिम चालु आ.व. २०७८/०७९ को निमित्त विनियोजन अध्यादेश, २०७८ मा उल्लेखित प्रावधानका अतिरिक्त आर्थिक व्यबस्थापनसँग सम्बन्धित अन्य प्रचलित कानुनको अधिनमा रही संघीय सञ्चित कोष माथि ब्ययभार हुने रकम र संघीय सञ्चित कोषबाट बिनियोजन हुने रकमहरुको निकासा, खर्चको लेखाङ्कन र नियमित प्रतिवेदन प्राप्त हुने ब्यवस्था मिलाउनु हुनका साथै निम्न बिषयमा ध्यानाकृष्ट गरी तहाँबाट बजेट निकासा लिई खर्च लेख्ने जिल्लास्थित सबै निकायहरुलाई यसै बमोजिम गर्ने / गराउने व्यवस्था मिलाउनुहुन र समग्र वित्तीय अनुशासन कायम गर्ने उद्देश्य प्राप्तिको लागि बजेट निकासा खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनिवार्य रुपमा परिपालन गर्नु / गराउन हुन जानकारी गराउदछु ।

## (क) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट

१. मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System – LMBIS) र एकल कोष खाता प्रणाली (Treasury Single Account-TSA) हरु बीच आवद्धता भइसकेको छ । चालु आर्थिक वर्ष २०७८/०७९ को मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा समावेश भएको बजेट तथा कार्यक्रम एकल खाता कोष प्रणाली (Treasury Single Account-TSA) मा स्वचालित रुपमा देखिने हुँदा सो हेरी अख्तियारी तथा कार्यक्रमको आधारमा भुक्तानी निकासाको व्यवस्था गर्ने ।

२. वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट दोस्रो त्रैमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम २०७८ चैत १५ गतेभित्र अनिवार्य रूपमा समर्पण गर्नुपर्ने व्यवस्था भएकाले सो अनुसार भए / नभएको अनुगमन गर्ने ।

## (ख) योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन

३. विनियोजन अध्यादेश, २०७८ को दफा ५ बमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहमार्फत कार्यान्वयन

गर्नु पर्ने भएमा प्रदेश तथा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाइएको हुँदा सोहि अनुसार गर्ने गराउने ।

४. बुँदा ३ अनुसार कार्यान्वयन गर्दा प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्ने गरी भएको निर्णयलाई खर्च गर्ने अख्तियारी मानी संघको एकल खाता कोष प्रणालीमा सम्बन्धित प्रदेश वा स्थानीय तहको कार्यालयलाई अर्थ मन्त्रालयमार्फत कार्यालय कोड लिई सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट संघीय निकायको रूपमा प्रचलित संघीय कानुन बमोजिमको रकम निकासा दिने व्यवस्था भएकोले सोहि अनुसार गर्ने/गराउने ।

५. प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै कार्यक्रम वा आयोजना प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको कुनै कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो कार्यक्रम वा आयोजना नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको हुँदा सोहि अनुसार गर्ने / गराउने ।

६. स्थानीय तहको योजना तथा कार्यक्रम नेपाल सरकारको कुनै कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले संघीय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको कार्य सञ्चालन कोष खाता (क.२.६) मा जम्मा हुने गरी रकम निकासा लिने व्यवस्था मिलाईएको छ । यसको प्रतिवेदन र लेखापरीक्षण सम्बन्धित तहले नै गर्ने/गराउने गरी व्यवस्था मिलाईएकोले सोही अनुसार गर्ने गराउने ।

७. बुँदा नं. ६ बमोजिम प्रदेश सरकारको कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा प्रदेश सरकारको निर्णयलाई खर्च गर्ने अख्तियारी मानी प्रदेश सरकारको एकल खाता कोष प्रणालीमा नेपाल सरकारको कार्यालयलाई प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत कार्यालय कोड लिई सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयबाट प्रदेश सरकारको निकायका रूपमा प्रचलित प्रदेश कानुन बमोजिमको रकम निकासा लिने व्यवस्था भएकोले सोहि अनुसार गर्ने गराउने । यसको प्रतिवेदन र लेखापरीक्षण सम्बन्धित प्रदेश सरकारले नै गर्ने/गराउने गरी व्यवस्था मिलाईएकोले सोही अनुसार गर्ने गराउने ।

८. विनियोजन अध्यादेश, २०७८ बमोजिम प्रदेश तथा स्थानीय तहले सशर्त अनुदान अन्तर्गतका हस्तान्तरण भएका कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा थप रकम आवश्यक भएमा सशर्त अनुदानमा हस्तान्तरण हुँदाका बखतका साविकका आयोजनाको शुरू सम्झौता बमोजिमको रकम, थप रकम माग गरेको दिनसम्मको खर्च, आयोजना सम्पन्न हुने मिति र आवश्यक पर्ने थप रकमसहित त्यस्तो योजना/कार्यक्रमको कार्य प्रगतिको आधारमा मात्र थप रकम माग गर्ने व्यवस्था मिलाईएको छ । यसरी थप निकासा हुने रकम स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको वार्षिक बजेटमा समावेश गरी सभाबाट अनुमोदन गरी लेखाङ्कन र प्रतिवेदन गर्ने व्यवस्था मिलाउने ।

९. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) बमोजिम सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था भए बमोजिम वैदेशिक सहायतामा सञ्चालित आयोजना कार्यान्वयन गर्दा दातृ निकायसँग गरेको वित्तीय सम्झौता तथा आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्थाहरू पालना गर्ने गराउने ।

१०. प्रदेश वा स्थानीय तहमा हस्तान्तरण हुने विशेष/सशर्त/ समपुरक अनुदानमा बैदेशिक सहायता समावेश भएमा सम्बन्धित मन्त्रालय / विभाग / आयोजना कार्यालय / आयोजना समन्वय कार्यालय रहेकोमा आवधिक रुपमा यस्ता विवरणहरू प्रदेश तथा स्थानीय तहले पठाए / नपठाएको अनुगमन गर्ने ।

## (ग) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था

११. कार्यक्रम/आयोजनाको भौतिक प्रगति र गुणस्तर समेतका आधारमा भुक्तानी निकासा दिने व्यवस्था मिलाउनु हुनेछ । पहिलो त्रैमासिक भुक्तानी निकासाको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन । दोस्रो र तेस्रो त्रैमासिक भुक्तानी निकासाका लागि अघिल्लो त्रैमासिक सम्मको भौतिक प्रगति न्यूनतम ५० प्रतिशत हुनु पर्नेछ । सोभन्दा कम भौतिक प्रगति भएको अवस्थामा सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतबाट आगामी त्रैमासिक अवधिमा भौतिक प्रगति पुरा गर्ने प्रतिवद्धता प्राप्त गरी भुक्तानी निकासा हुने व्यवस्था गरिएको हुँदा सोहि अनुसार गर्ने गराउने ।

१२. वैदेशिक ऋण तथा अनुदानको स्रोत फुकुवा नभएसम्म उक्त आयोजनाको वैदेशिक स्रोतको बजेट र नेपाल सरकारको समपूरक कोष (Matching Fund) समेत खर्च शीर्षकगत आधारमा रोक्का रहनेछ । तर पूर्व प्रभावी वित्तीय (Retroactive Finaning) सम्झौता भएको हकमा अर्थ मन्त्रालयको सहमतिमा वित्तीय हस्तान्तरण तथा भुक्तानी निकासा दिने व्यवस्था गर्ने ।

१३. बैदेशिक स्रोत समावेश भएका कार्यक्रममा विनियोजित नगद ऋण तथा नगद अनुदान रकम निकासा गर्न यस कार्यालयको स्रोत फुकुवा आवश्यक पर्नेछ । साथै सबै नगद ऋण तथा नगद अनुदानको वित्तीय हस्तान्तरण तथा भुक्तानी निकासा महालेखा नियन्त्रक कार्यालयको खातामा आवश्यक मौज्दात भए मात्र स्रोत फुकुवा गरिनेछ ।

१४. सोधभर्ना हुने अनुदान तथा ऋण समावेश भएको कार्यक्रमको प्रथम त्रैमासिकको वित्तीय हस्तान्तरण तथा भुक्तानी निकासा गर्न यस कार्यालयको स्रोत फुकुवा आवश्यकता नपर्ने तर दोश्रो, तेश्रो र चौथो त्रैमासिकको शोधभर्ना हुने रकम वित्तीय हस्तान्तरण तथा भुक्तानी निकासा गर्दा यस कार्यालयको श्रोत फुकुवा आवश्यक पर्नेछ ।

१५. शोधभर्ना निर्देशिका बमोजिम थ्रेसहोल्ड रकम पुगिसकेकोमा तुरुन्तै र थ्रेसहोल्ड रकम नपुगेकोमा त्रैमासिक अवधि समाप्त भएको अर्को त्रैमासिक अवधिभित्र सम्बन्धित आयोजना व्यवस्थापन कार्यालयबाट सोधभर्ना माग गरिसक्नु पर्नेछ । मासिक खर्चको फाँटवारीमा सोझै भुक्तानी र

वस्तुगत सहायताको प्रतिवेदन सम्बन्धित कार्यालयबाट अनिवार्य रुपमा तहाँ कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था भएकोले सो प्राप्त गरी कम्प्युटरकृत सरकारी लेखा प्रणाली (Computerized Government Accounting System - CGAS) मार्फत भुक्तानी आदेश पठाई कोष तथा लेखा नियन्त्रक कार्यालयमा खर्च अभिलेख हुने व्यवस्था मिलाउने ।

(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन

१६. प्रचलित कानून बमोजिम कार्यक्रम संशोधन गर्नु परेमा, कार्यक्रम संशोधन प्रक्रिया, रकमान्तर, स्रोतान्तर र थप निकासा लगायतका प्रक्रिया पूरा गरी LMBIS प्रविष्ट गरेपछि मात्र खरिद प्रक्रिया अगाडि बढाउनु पर्नेछ । सामान्यतः प्रथम त्रैमासिक अवधिसम्ममा कुनै पनि रकमान्तर र कार्यक्रम संशोधन नगर्ने व्यवस्था पालना भए / नभएको अनुगमन गर्ने ।

१७. अर्थ मन्त्रालयको सहमति विना अनिवार्य दायित्व अन्तर्गत पर्ने खर्च शीर्षक तलब, भत्ता, स्थानीय भत्ता, पोशाक, खाद्यान्न, घरभाडा लगायतका अनिवार्य दायित्वका खर्च शीर्षकबाट अन्यत्र रकमान्तर गर्न पाइने छैन । तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र घरभाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन भए / नभएको यकिन गर्ने । तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी निकासा गर्ने व्यवस्था मिलाउने ।

१८. अनिवार्य दायित्व बापत बाँडफाँट कम गरेको कारणबाट सृजित दायित्वका लागि रकमान्तर र थप निकासा हुने छैन । साथै यस्तो दायित्व पछिल्ला आर्थिक वर्षमा सार्ने गरी भुक्तानी दिन बाँकी समेतमा राख्न नपाईने व्यवस्था मिलाईएको हुँदा सो अनुसार गर्ने गराउने ।

१९. पूँजीगत खर्च तथा वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्चमा र पूँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न नसकिने व्यवस्था मिलाईएको हुँदा सो अनुसार भए / नभएको अनुगमन गर्ने ।

२०. स्वीकृत बजेट रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा, एउटा कार्यालयबाट अर्को कार्यालयमा आन्तरिक बाँडफाँट गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मार्फत एकल खाता कोष (TSA) मा रोक्का राखी रोक्का नम्वर सहितको रकमान्तर माग गर्ने/गराउने व्यवस्था मिलाउने ।

२१. सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ बमोजिम सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने / गराउने ।

२२. स्वीकृत दरबन्दी र विनियोजित बजेटको सीमाभित्र रहेर मात्र सेवा करारका कर्मचारीहरूको व्यवस्थापन गर्ने / गराउने।

२३. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्चहरू, मसलन्द तथा कार्यालय सामाग्री खर्च, भत्ता, तालीम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम रूपमा मितव्ययिता अपनाई खर्च भए / नभएको अनुगमन गर्ने ।

२४. सरकारी कार्यालयहरूले कार्यालय प्रयोजनका लागि सकेसम्म खाली भएका सरकारी भवनमा प्राथमिकता दिनु पर्नेछ। त्यस्तो हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने र न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिनु पर्ने व्यवस्थाको कार्यान्वयन भए / नभएको अनुगमन गर्ने ।

२५. नेपाल सरकार वा नेपाल सरकार अर्न्तगतका निकायले लोककल्याणकारी वा अन्य विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा बिज्ञापन बोर्ड मार्फत गर्नुपर्नेछ र त्यस्तो विज्ञापन वापतको रकम बोर्ड मार्फत खर्च गर्नुपर्ने कानूनी व्यवस्था रहेकोले सोही बमोजिम खर्च भए / नभएको अनुगमन गर्ने ।

**(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था**

२६. खर्च, कार्य सञ्चालन कोष, धरौटी तथा अन्य कोषको लेखा राख्दा CGAS, राजश्वको लेखा राख्दा राजश्व व्यवस्थापन सूचना प्रणाली (Revenue Management Information System - RMIS) तथा सम्पत्तिको लेखाङ्कन सार्बजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Asset Management System – PAMS) मा लेखा राख्ने र प्रतिवेदन गर्ने / गराउने।

२७. वित्तीय व्यवस्था अन्तर्गतको बाहेक आर्थिक वर्षको अन्त्यमा भुक्तानी निकासा गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० अनुसार गर्ने गराउने ।

२८. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवाप्रदायक र परामर्शदाताको अनिवार्य रूपमा सम्बन्धितको बैंक खातामा भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ । तलब भत्ता, औषधि उपचार, उपदान, सञ्चित विदा र सामाजिक सुरक्षा भत्ताको रकम लगायत सबै प्रकारका भुक्तानीहरू सोझै बैंक खाता मार्फत सम्बन्धितलाई भुक्तानी गर्ने व्यवस्था मिलाउने ।

२९. विनियोजन अध्यादेश, २०७८, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र सार्वजनिक खर्चमा मितव्ययिता तथा प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन र मापदण्ड लगायतका आर्थिक व्यवस्थापनसँग सम्बन्धित प्रचलित कानुनको पालना गरी / गराई वित्तीय अनुशासन कायम गर्ने गराउने ।

(च) **खर्चको अख्तियारी**

३०. बजेट उपशीर्षक ६०१०००१२ उपदान, बजेट उपशीर्षक ६०१०००१३ संचित विदा र बजेट उपशीर्षक ६०१०००१६ औषधि उपचारमा सम्बन्धित कार्यालयबाट सम्बन्धित बजेट उपशीर्षकमा खर्च हुने रकम एकिन गरी कोष तथा लेखा नियन्त्रक कार्यालयले LMBIS मा अख्तियारी प्रविष्टि गर्नुपर्नेछ । यसरी प्रविष्टि गरेको अख्तियारी स्वचालित रुपमा CGAS मा देखिनेछ । सोको आधारमा सम्बन्धित कार्यालयले अख्तियारी अनुसार निकासा भुक्तानी माग गरी खर्च गर्नुपर्नेछ । कोष तथा लेखा नियन्त्रक कार्यालयले फागुन मसान्तसम्म निकासा भुक्तानी दिई चैत्र ७ गतेसम्म यस कार्यालयमा प्रतिवेदन गर्ने र २०७८ चैत्र देखिको निकासाका लागि महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त निर्देशानुसार गर्ने ।

(छ) **प्रदेश र स्थानीय तहको अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था**

३१. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम प्रदेश र स्थानीय तहले राजस्व र व्ययको अनुमान सम्बन्धित सभामा पेश गरी पारित गरेको विवरण प्राप्त भएपछि मात्र सबै प्रकारका अनुदान दिने व्यवस्था मिलाउने ।

३२. वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम सम्बन्धित सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र २ गते, कार्तिक २ गते, माघ २ गते र वैशाख २ गते गरी चार किस्तामा हस्तान्तरण गर्ने व्यवस्था मिलाउने ।

३३. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा २०७८ कार्तिक १ गते, माघ १ गते, २०७९ वैशाख १ गते र बार्षिक आर्थिक विवरण २०७९ श्रावण मसान्तभित्र पेश गर्नुपर्ने व्यवस्था रहेकोले विवरण प्राप्त भएपछि मात्र वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम हस्तान्तरण गर्ने व्यवस्था मिलाउने ।

३४. सशर्त अनुदान रकमको एक तिहाई रकम सम्बन्धित प्रदेश र स्थानीय तहमा भाद्र २ गते हस्तान्तरण गर्नुपर्नेछ । प्रदेश तथा स्थानीय तहले सशर्त अनुदानको विवरण मंसिर १५ गते, चैत्र १५ गते र असार १५ गते र बार्षिक आर्थिक विवरण २०७९ श्रावण मसान्तभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्ने व्यवस्था मिलाउने ।

३५. अनुदानको खर्चको विवरणको आधारमा प्रदेश वा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानको रकम बुँदा नं. ३४ बमोजिमको खर्च रकम समायोजन गरी बाँकी रकम सोधभर्ना निकासा दिने व्यवस्था गर्ने गराउने ।

३६. नेपाल सरकारले स्वीकृत गरेको कार्यविधि वमोजिम प्रदेश तथा स्थानीय तहलाई समपुरक र विशेष अनुदान रकम हस्तान्तरण गर्ने गराउने ।

फोन : ९७७-१-४७७१२९०, ९७७-१-४७७११३९ (For IT Support), फ्याक्स : ९७७-१-४७७१२९१, इमेल: info@fcgo.gov.np

३७. सशर्त, समपुरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो वचत रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र संघीय सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था मिलाउने ।

३८. बुँदा नं. ३७ बमोजिम बचत रकम फिर्ता दाखिला नभएमा आर्थिक वर्ष २०७९।८० मा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान रकम हस्तान्तरण गर्दा फिर्ता नभएको रकम बराबर संघीय सञ्चित कोषमा जम्मा गर्ने र बाँकी रकम मात्र सम्बन्धित प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गर्ने ।

**(ज) प्रतिवेदन तथा लेखाङ्कन**

३९. संघ, प्रदेश तथा स्थानीय तहमा भएको खर्चको विवरण स्वीकृत लेखा ढाँचा बमोजिम मासिक रुपमा प्राप्त गर्ने व्यवस्था मिलाउने ।

४०. संघ, प्रदेश तथा स्थानीय तहका बार्षिक आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र प्राप्त गर्ने व्यवस्था मिलाउने ।

४१. स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) को आधारमा सवै स्थानीय तहको आर्थिक कारोबारको बजेटिङ्ग, लेखाङ्कन र प्रतिवेदन अनिवार्य रुपमा गर्ने / गराउने व्यवस्था मिलाउने ।

४२. विनियोजन अध्यादेश, २०७८ को दफा ६(३) बमोजिम नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने सर्शत अनुदान अन्तर्गतको बैदेशिक स्रोत समावेश भएको कुनै योजना तथा कार्यक्रम प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्दा बैदेशिक सहायता सम्झौता बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालयले निर्दिष्ट गरेको ढाँचामा खर्च गर्ने प्रदेश वा स्थानीय तहले छुट्टै अभिलेख राखी निर्धारित समयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित शोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था भएको हुँदा सोही अनुसार प्रतिवेदन प्राप्त गर्ने गराउने व्यवस्था मिलाउने ।

**(झ) आन्तरिक लेखापरीक्षण**

४३. आन्तरिक लेखापरीक्षणको माध्यमबाट प्रचलित कानूनी व्यवस्था एवं कार्यविधिहरु पालन गरी / गराई वित्तीय अनुशासन कायम गर्ने गराउने ।

४४. आन्तरिक लेखापरीक्षणको वार्षिक कार्ययोजना र कार्य विभाजन गरी श्रावण मसान्त भित्र अनिवार्य रुपमा यस कार्यालयमा उपलब्ध गराउने ।

मधु कुमार मरासिनी
महालेखा नियन्त्रक

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

४५. त्रैमासिक अवधि समाप्त भएको एक महिना भित्र सो अवधिसम्मको आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयहरुको अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरी/गराई सोको प्रतिवेदन यस कार्यालयमा पेश गर्ने ।

४६. यस मार्गदर्शनमा लेखिएका विषयहरु आर्थिक वर्ष २०७८/०७९ को प्रारम्भ देखि नै कार्यान्वयन गर्ने / गराउने ।

(मधु कुमार मरासिनी)
महालेखा नियन्त्रक

फोन : ९७७-१-४७७१२९०, ९७७-१-४७७११३९ (For IT Support), फ्याक्स : ९७७-१-४७७१२९१, इमेल: info@fcgo.gov.np